


ISSN: 2990-7993(P)

Dhaulagiri Journal of Contemporary Issues
Vol 2, Issues 1
July, 2024
Page 10-17

DOI: https://doi.org/10.3126/djci.v2i1.67436

**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung

**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI

**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# कमिलाको प्वाँख सङ्ग्रहका कवितामा छन्दप्रयोग

**एकनारायण पौड्याल**
सहप्राध्यापक, नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर
Email:enpaudyal@gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपाली साहित्यमा छन्दकविका रूपमा परिचित प्रकाश चापागाईं (२०१७) को कमिलाको प्वाँख (२०८०) मा सङ्गृहीत कविताहरूको शास्त्रीय छन्दप्रयोगका आधारमा विश्लेषण गरिएको छ। यसअघि छन्दप्रयोगका दृष्टिले प्रस्तुत सङ्ग्रहका कविताहरूको अध्ययन नभएका कारण यो विषयशीर्षक चयन गरिएको हो। यस सङ्ग्रहमा एघारवटा छन्दमा लेखिएका एकासीवटा कविता रहेका छन्। यी कविताहरूमा प्रयुक्त छन्द अध्ययनका लागि प्राथमिक तथा द्वितीयक सामग्री प्रयोग गरिएको छ। छन्दप्रयोगका दृष्टिले कविता केकस्ता छन् भन्ने प्रश्न र यसको समाधानमा केन्द्रित यस अनुसन्धानमा प्रयुक्त छन्दको लक्षणसँग सम्बन्धित शास्त्रीय नियमलाई आधार बनाइएको छ। गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक र विश्लेषणात्मक विधिद्वारा कविताहरूको विश्लेषण गरिएको छ। अध्ययनका क्रममा सबै कविताहरू वार्णिक छन्दमा रचिएका र ती पाउ, श्लोक, गण, गति, यति, शब्दचयन, अनुप्रास आदि छन्दका आवश्यक तत्त्वका दृष्टिले हेर्दा उपयुक्त रहेका पाइएको छ। एघारवटा छन्द प्रयोग भए पनि कवितामा प्रयुक्त छन्दको सङ्ख्या, कविताको भाव र भावअनुसारको शब्दचयन आदि आधारमा हेर्दा शार्दूलविक्रीडित छन्दमा कविको सिद्धहस्तता रहेको ठहर गरिएको छ, साथै प्रस्तुत सङ्ग्रहका कविताहरू समकालीन नेपाली छन्दोबद्ध कविताका क्षेत्रमा अग्रपङ्क्तिमा रहनाका साथै उच्चस्तरीय छन् भन्ने निष्कर्ष निकालिएको छ।

***शब्दकुञ्जी :*** कमिलाको प्वाँख, गति, मगुई, यति, वार्णिक छन्द

**Article Information**

**Received**: 26 April, 2024 **Reviewed:** 28 April, 2024 - 24 May, 2024 **Revised**: 27 May, 2024- 4 June, 2024
**Accepted:** 5 May, 2024 **Published:** 30 June, 2024
*Corresponding Author:* Eknarayan Paudyal
To Cite this Article:
पौड्याल, एकनारायण (२०२४), कमिलाको प्वाँख सङ्ग्रहका कवितामा छन्दप्रयोग, *धौलागिरी जर्नल अफ कन्टेमपोररी इस्युज्* २ (१), १०-१७। https://doi.org/10.3126/djci.v2i1.67436

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

प्रकाश चापागाईं (२०१७) आधुनिक नेपाली कविताको पछिल्ला चरणमा सक्रियतापूर्वक रचनाकर्ममा लागेका कवि हुन् । समसामयिक विषयभावलाई बद्धलयमा प्रस्तुत गर्ने कवि चापागाईंको लेखन फुटकरकविता, खण्डकाव्य र एकाङ्कीसम्म विस्तारित छ । चापागाईंका एकल तथा संयुक्त रूपमा तयार गरिएका आधा दर्जन कृति प्रकाशित छन् । उनको पहिलो कृति *बदला* (२०४०) शीर्षकको एकाङ्की हो । त्यसपछि उनको लेखन कविता-काव्यतिर मोडिएको देखिन्छ । हालसम्म उनका *आँखाभरि* (२०६७, शोककाव्य), *बुलेट नम्बर पाँच* (२०७०) र *मगुई* (२०७७) गरी तीनवटा खण्डकाव्य प्रकाशनमा आइसकेका छन् भने कवित्रयोदशअन्तर्गत रहेर संयुक्त लेखनमा तयार पारिएको *आरोहण* (२०७७) नामक महाकाव्य पनि प्रकाशनमा आइसकेको छ । पछिल्लो कृति *कमिलाको प्वाँख* (२०८०) फुटकर कवितासङ्ग्रह हो । यस विवरणबाट चापागाईं मूलतः कवि हुन् भन्ने कुरा बुझिन्छ । चापागाईंका जुनसुकै विधाउपविधाका कृति भए पनि तिनमा उनले तात्कालिक घटना-परिवेशलाई राम्रा किसिमले चित्रण गरेको पाइन्छ । उनका सबै कविताकाव्य छन्दोबद्ध हुनाका साथै रसभाव, शब्दचयन, विषय र शैलीशिल्पका दृष्टिले रोचक र स्तरीय छन् ।

उपर्युल्लिखित कृतिहरूमध्ये *कमिलाको प्वाँख*मा विषयभावगत विभिन्नता, शैलीशिल्पगत विशिष्टता र छन्दप्रयोगगत विविधता रहेको पाइन्छ । अतः प्रस्तुत कवितासङ्ग्रहलाई रसभाव, भाषा, बिम्ब, अलङ्कार आदि आधारमा विश्लेषण गर्न सकिन्छ तापनि यसअघि प्रस्तुत कवितासङ्ग्रहको छन्दका आधारमा अध्ययन नभएकाले छन्दविधानलाई आधार बनाई अध्ययन गर्न लागिएको हो । यस अध्ययनबाट एकातर्फ कृतिमा प्रयुक्त छन्दहरूको पहिचान गर्न सबैका लागि सहयोग पुग्ने देखिन्छ भने अर्कातर्फ छन्दलाई आधार बनाएर कृतिको विश्लेषण गर्ने आधार पनि प्राप्त हुने देखिन्छ । कवितासङ्ग्रह छन्दप्रयोगका दृष्टिले महत्त्वपूर्ण रहेको र छन्दलाई मात्र आधार बनाएर अध्ययन गर्न उपयुक्त भएकाले *कमिलाको प्वाँख* सङ्ग्रहका कवितामा छन्दप्रयोग शीर्षक चयन गरिएको हो ।

प्रस्तुत कृतिमा सङ्गृहीत कविताहरू छन्दशास्त्रका नियमलाई आधार बनाई रचिएका छन् र अध्ययनको समस्या पनि छन्दप्रयोगसँग सम्बन्धित छ । यस अध्ययनअन्तर्गत शोध्यप्रश्नका रूपमा *कमिलाको प्वाँख*मा केकस्ता छन्दहरू प्रयुक्त छन् र तिनका सबल एवं दुर्बल पक्ष केकस्ता रहेका छन् भन्ने रहेको छ । यस अध्ययनमा *कमिलाको प्वाँख*मा प्रयुक्त छन्दहरूको पहिचान गरी तिनका सबल एवम् दुर्बल पक्षहरूको निरूपण गर्नु रहेको छ ।

## अध्ययनविधि

यस अध्ययनमा प्राथमिक एवं द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ र ती सामग्रीहरू पुस्तकालयबाट लिइएको छ । गृहीत सामग्रीहरूमध्ये *कमिलाको प्वाँख* कवितासङ्ग्रह प्राथमिक सामग्रीका रूपमा रहेको छ भने कविता तथा छन्दसँग सम्बन्धित लेख तथा पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । गुणात्मक प्रकृतिको यस अध्ययनमा यिनै सामग्री प्रयोग गरी विश्लेषणात्मक विधिद्वारा अध्ययनकार्य सम्पन्न गरिएको छ । छन्दको सैद्धान्तिक परिचय दिने क्रममा निगमनात्मक विधि अवलम्बन गरिएको छ भने कविताहरूमा केकस्ता छन्द प्रयोग भएका छन् र तिनका सबल एवं दुर्बल पक्ष केकस्ता रहेका छन् भनी निरूपण गर्ने क्रममा आगमनात्मक विधि अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

संस्कृत एवम् अङ्ग्रेजी साहित्यमा धेरै अघिदेखि कविताकाव्य छन्दमा सिर्जना गरिएका पाइन्छन् । संस्कृत साहित्यमा अद्यापि कविता भन्नाले छन्दोबद्ध रचना भन्ने बुझिन्छ तर अन्य भाषाका कवितापरम्परामा मुक्तलयको थालनी भएपछि कविता छन्दोबद्ध नै हुनुपर्दछ भन्ने मान्यता खण्डित भएको पाइन्छ । हिजोआज कवितामा छन्द अनिवार्य नभए पनि लय हुन आवश्यक ठानिन्छ । यसकारण कवितालाई विचार, भाव वा घटनाको लयात्मक संरचना भनी परिभाषित गरिएको पाइन्छ (शर्मा, २०५५, पृ.५६१) । विश्लेषणीय कृति *कमिलाको प्वाँख* लघु रूप हुने फुटकरकविताको सङ्ग्रह हो । यो बद्धछन्दमा सिर्जना गरिएको छ र यसलाई सोही छन्दका आधारमा अध्ययन गर्ने उद्देश्य राखिएकाले यहाँ छन्दका सम्बन्धमा अध्ययन गरिन्छ ।

भाषाको लयात्मक र भावात्मक प्रस्तुति कविता हो भने लयात्मकताको आधार छन्द हो । छन्द भन्नाले निश्चित वर्ण वा मात्रामा आधारित गेयव्यवस्था भन्ने बुझिन्छ । छन्द संस्कृत स्रोतको शब्द हो । यसलाई अङ्ग्रेजीमा मिटर भनिन्छ । संस्कृतको छद् वा छन्द् धातुबाट निर्मित छन्द शब्दले बाँध्नु, आवृत्त गर्नु, रक्षा गर्नु र प्रसन्न गर्नु भन्ने अर्थ जनाउँछ (लुइटेल, २०६२, पृ.२८६) । विस्तृतमा भन्दा छन्दको अर्थ “अक्षर अक्षरको सङ्ख्या र क्रम, मात्रा, मात्रागणना तथा यति (विश्राम) सँग सम्बद्ध नियमबाट नियोजित पद्यरचना” (ढुङ्गाना, २०७८, पृ.५२०) भन्ने हुन्छ । यसले कवितालाई लयात्मक र श्रुतिमधुर बनाउने काम गर्दछ । संस्कृत काव्यविधामा यसको विशिष्ट र महत्त्वपूर्ण स्थान रहेको छ (थापा, २०५०, पृ.२८६) । यसले कविताको आन्तरिक र बाह्य दुवै पक्षलाई सुन्दर बनाउँछ । आधुनिक कालमा आएर शास्त्रीय छन्द अवलम्बन नगरी मुक्तलय वा मुक्तछन्दमा कविता रचना गरेको पाइन्छ तापनि वाचनका क्रममा छन्दोबद्ध कविताले गति-यति तथा आरोह-अवरोहबाट जुन किसिमको

सङ्गीतात्मक स्थिति उत्पन्न गर्दछ त्यो मुक्तछन्दमा रचना गरिने गद्यकविताले गर्न सक्दैन ।

छन्दशास्त्रको अध्ययन गर्ने र छन्दमा कविता-काव्य रचना गर्ने कार्य वैदिक-पौराणिक कालदेखि हुँदै आएको पाइन्छ (ढुङ्गाना, २०५०, पृ.२-३) तापनि लौकिक छन्दलाई सरलताका साथ प्रस्तुत गर्ने कार्यमा आचार्य पिङ्गलको महत्त्वपूर्ण देन रहेका कारण उनी छन्दशास्त्रका आद्याचार्य मानिन्छन् । उनकै *छन्दसूत्र*का प्रभावमा उनीपछिका कैयौँ विद्वान्हरूले छन्दका बारेमा पुस्तक नै तयार गरेका छन् । तिनको अध्ययन गर्दा वर्ण, मात्रा, वर्णहरूको सङ्ख्या र तिनको क्रम, गति, यति, गण, चरण वा पाउ, पङ्क्तिपुञ्ज आदि छन्दका घटक हुन् (पण्डित, २०३५, पृ.१-१५) भन्ने बुझिन्छ र कुनै पनि पद्यकृतिको छन्दप्रयोगका आधारमा विश्लेषण गर्दा यिनै तत्त्वको समुचित प्रयोग छ कि छैन भनी अध्ययन गरिन्छ ।

छन्दका लागि वर्ण वा अक्षरको चयन आवश्यक हुन्छ । वार्णिक छन्दमा वर्णको सङ्ख्या प्रत्येक पाउमा मिलेर आएको हुनुपर्दछ भने मात्रिक छन्दमा अक्षरको सङ्ख्या घटीबढी जति भए पनि मात्रा मिलेर आएको हुनुपर्दछ अनि ह्रस्वदीर्घका दृष्टिले अक्षरको क्रम पनि उही हुन्छ । गति भन्नाले वाचनका क्रममा हुने प्रवाह भन्ने बुझिन्छ । यसमा आरोह र अवरोहको अवस्था छन्दअनुसार फरक फरक हुन सक्दछ । यति भन्नाले विश्राम भन्ने बुझिन्छ ।हरेक पङ्क्तिका अन्त्यमा यति हुन्छ । यसका साथै छन्दअनुसार तीन वा चार अथवा पाँच वा सोभन्दा पनि बढी अक्षरपछि एक वा दुईतीन ठाउँमा यति हुन सक्दछ । यतिमा कविता वाचन गर्दा छोटो विश्राम हुन्छ । वार्णिक छन्दमा गणको निकै महत्त्व रहन्छ । गण आठवटा छन् र तिनमा आउने अक्षरलाई दीर्घ भए यस (S) जस्तो बाङ्गो गुरुचिह्न र ह्रस्व भए लघु जनाउने पूर्णविरामजस्तो सोझो धर्को (।) दिई यस सूत्रअनुसार तीन तीनवटाका दरले छुट्ट्याइन्छ, जस्तै : यमाताराजभानसलगा अर्थात् यगण (।SS), मगण (SSS), तगण (SS।), रगण (S।S), जगण (।S।), भगण (S।।), नगण (।।।), सगण (।।S) अनि आवश्यकताअनुसार लघु (।) र गुरु (S) मात्र प्रयोग हुने अवस्था हुन सक्दछ । मात्रिक छन्दमा चाहिँ ह्रस्वलाई एक मात्रा (।) र दीर्घलाई दुई मात्रा (S) भनी मात्रा गणना गरिन्छ । यसमा श्लोकका सबै पाउमा अक्षर बराबर हुनुपर्दछ भन्ने हुँदैन । वार्णिक छन्दमा मूलतः चार पाउ हुन्छन् र चार पाउको एक श्लोक हुन्छ ।

प्रस्तुत अध्ययनमा पाठ विश्लेषणका क्रममा उपर्युल्लिखित कुराहरूलाई आधार बनाएर कृतिका सबल र दुर्बल पक्षको निरूपण गरिएको छ । विश्लेषणका सिलसिलामा नमुनाछनोट गरी प्रत्येक छन्दका कुनै एक एकवटा कवितालाई उदाहरणका रूपमा देखाइएको छ । यसका साथै छन्दप्रयोगको आधिक्यका आधारमा प्राथमिकीकरण वा क्रम निर्धारण गरी कविताहरूको अध्ययन गरिएको छ ।

## नतिजा र विमर्श

कवि प्रकाश चापागाईंको सद्यःप्रकाशित कवितासङ्ग्रह *कमिलाको प्वाँख* (२०८०) मा ८१ वटा कविता सङ्गृहीत छन् । यी कविताहरू वृत्तवर्गअन्तर्गतका एघारवटा वार्णिक छन्दमा संरचित छन् । सङ्ग्रहभित्र शार्दूलविक्रीडितका ४९, अनुष्टुप्का १०, भुजङ्गप्रयातका ६, शिखरिणीका ५, उपजातिका ३, इन्द्रवज्राका २, स्रग्विणीका २, इन्द्रवंशाको १, तोटकको १, मन्दाक्रान्ताको १ र स्रग्धराको १ गरी जम्मा ८१ वटा कविता रहेका पाइन्छन् । मूलतः व्यक्तिका खराब चरित्र एवम् सामाजिक, राजनीतिक, प्रशासनिक आदि क्षेत्रका विकृति र विसङ्गतिलाई लिएर रचिएका प्रस्तुत कविताहरू विषयभावका दृष्टिले समसामयिक छन् भने शब्दचयन, छन्दप्रयोग, अलङ्कारयोजना, प्रतीकविधान आदि दृष्टिले पनि उल्लेखनीय रहेका छन् । सङ्गृहीत कविताहरूमध्ये 'बाटो बिराएर'बाहेक अन्य सबै कविताहरू समचतुष्पाद ढाँचामा संरचित छन् । प्रयुक्त छन्दको आधिक्यका आधारमा हेर्दा प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रयुक्त छन्दहरूको अवस्था यसप्रकार रहेको पाइन्छ :

### शार्दूलविक्रीडित

श्लोकका प्रत्येक पाउमा मगण, सगण, जगण, सगण, तगण, तगण र अन्त्यमा गुरु हुने वार्णिक छन्दलाई शार्दूलविक्रीडित भनिन्छ (थापा, २०५०, पृ.२९७) । उन्नाइस अक्षरको एक पाउ र चार पाउको एक श्लोक हुने यस छन्दमा प्रत्येक पाउका बाह्रौं अक्षरपछि यति हुन्छ । कहीं बाह्रौं र सातौं अक्षरमा विश्राम हुने पनि बताइएको पाइन्छ (वर्मा, सन् २०१०, पृ.६७२) । प्रस्तुत सङ्ग्रहभित्र 'आमा', 'गुरु', 'नयाँ वर्षको कविता', 'सुन्दर', 'बेतालमा कुद्दछौ', 'नारी', 'संसार भो स्तब्ध रे', 'आऊ', 'हामी जुटेनौं भने', 'बाटो बिरायौं भने', 'गाथा नयाँ कोरियोस्', 'बेचियौ', 'खम्बा उखेल्नेसित', 'मैदानमा जुट्छु म', 'हाम्रो विधाता अरे !', 'आँधी पछाऱ्यो भने', 'किल्ला नहल्लाइयोस्', 'बाँकी सबै बिर्सिएँ-१', 'फुट खेती', 'गाह्रो छ है जोगिन', 'रित्तो बनाई घर', 'मैले देखिनँ', 'नेपाल र सिक्किम', 'भेडीगोठ', 'कात्रो लिई आउँछु', 'आँखा नला भारत', 'झापा र चितवन', 'सुत्नेहरू हो सुत', 'आऊ अझै लड्नु छ', 'सक्छौ भने हे कवि', 'को राम को रावण', 'नक्सा बढा भारत', 'मर्छस् विनाओखती', 'बाँकी सबै बिर्सिएँ-२', 'प्रायश्चित्त', 'आ', 'जा', 'खा', 'गा', 'ला', 'छ्या', 'बा', 'नेपाल यस्तै भए', 'अनिच्छित यथार्थ', 'पैसा', 'खै लाज खै सर्म खै', 'मजा', 'आमा थलामा परिन्' र 'देशको कविता' गरी ४९ वटा कविता यस छन्दमा रचिएका छन् । मूलतः राजनीतिक विषयमा केन्द्रित यी कविताहरू वर्णचयन, वर्णसङ्ख्या, गति, गण, पाउ वा हरफ आदि दृष्टिले छन्दशास्त्रीय नियमानुसार रचिएका देखिन्छन्, जस्तै :

पाटे बाघ सिकार खेल्न अहिले खोज्दै छ यो देशमा
आएको छ फसाउने नियतले दातव्यको भेषमा

तिम्रा प्राकृत सम्पदा लटपटी पार्दै छ फुस्ल्याउँदै
सुत्नैमा छ मजा भने विषघडा धोकेर सुत्नू अझै । (सुत्नेहरू हो सुत, पृ.८०)

माथि लक्षणमा बताइएअनुसार प्रस्तुत कवितामा गण, पाउ, हरफ आदि मिलाइएको छ । विषयानुरूप स्तरीय भाषा प्रयोग गरिएको छ । अनुप्रासका कारण कविता श्रुतिमधुर बनेको छ ।

**अनुष्टुप्**

अनुष्टुप् एक पाउमा आठ अक्षर हुने र चार पाउको एक श्लोक हुने बहुप्रचलित वार्णिक छन्द हो । यसका सबै पाउमा पाँचौँ अक्षर ह्रस्व र छैटौँ अक्षर दीर्घ अनि विषम पाउको सातौँ अक्षर दीर्घ र सम पाउको सातौँ अक्षर ह्रस्व हुनुपर्ने मान्यता छ (ढुङ्गाना, २०५०, पृ.४७) । अनुष्टुप् छन्दका द्विशताधिक प्रकार भएको बताइन्छ (ढुङ्गाना, २०७८, पृ.६७) । *कविताको प्वाँख* मा 'म तिम्रो पछि लाग्दिनँ', 'कविता' 'निस्कनुपर्छ आँकुरा' 'ढुङ्गा प्रधानमन्त्री नै' 'विषका काँडा' 'सपनाको गणतन्त्र' 'भिखारी' 'मित्रको छुरा' 'अलिखित इतिहास' र 'कस्तूरी खोज्न' गरी १० वटा कविता अनुष्टुप् छन्दमा रचिएका छन् । प्रस्तुत कविताहरूमा अनुष्टुप् छन्दको नियम पालना गरिएको र मानक भाषा प्रयोगमा पनि प्रायः ध्यान दिइएको पाइन्छ तर कविताका चार पाउलाई चार हरफमा नलेखी दुई दुई हरफमा लेखिएको छ । नेपालीमा यस छन्दका कविता लेख्ने अग्रज कवि लेखनाथ पौड्यालले *ऋतुविचार* खण्डकाव्यमा र अन्यत्र पनि चार पाउलाई दुई हरफमा मात्र लेखेका छन् र अझ वासुदेव त्रिपाठीले *तीन थुँगा* भित्रका खण्डकाव्यमा र अन्यत्र पनि आठ पाउ अर्थात् दुईवटा श्लोकलाई एउटै श्लोकझैँ गरी चार चार हरफलाई सँगै राखेर लेखेका छन् । चार पाउलाई दुई हरफमा लेखेर चापागाईंले पनि परम्परालाई पछ्याएको देखिन्छ,जस्तै :

आमाको काखमा बस्दै आमाकै अङ्गअङ्गमा
यौनको प्यास मेटेको हेरेर बस्न सक्दिनँ । (म तिम्रो पछि लाग्दिनँ, पृ.१५)

यसरी कविद्वारा शब्दछनोटमा विशेष ध्यान दिइएको छ । यहाँ चार पाउलाई दुई हरफमा लेखिएको छ । भाषिक शुद्धतामा ख्याल गरिएको छ तापनि यस छन्दमा रचिएका कवितामा 'स्विकार्न'लाई 'स्वीकार्न', 'तिम्रा विरुद्धमा'लाई 'तिम्रो विरुद्धमा' 'बारुदझैँ'लाई 'बारूदझैँ' आदि लेखेर अमानक भाषा पनि प्रयोग गरिएको छ । यस छन्दमा जुनसुकै भावका कविता लेख्न सकिने कुरालाई दृष्टिगत गरी फरक फरक विषयभाव अवलम्बन गरी कविता सिर्जना गरिएको छ । यो कविताको एउटा महत्त्वपूर्ण पक्ष हो ।

**भुजङ्गप्रयात**

प्रत्येक पाउमा चारवटा यगण, बाह्र अक्षरको एक पाउ र चारवटै पाउका छैटौँ अक्षरपछि विश्राम हुने छन्दलाई भुजङ्गप्रयात छन्द भनिन्छ (रिजाल, सन् २०२३, पृ.१७६) । प्रस्तुत सङ्ग्रहमा 'सधैँ देश खोजेँ', 'अहङ्कारको आयु', 'यहीँ मर्न आएँ', 'नयाँ धार छैन', 'दुर्दान्त चोट' र 'देशको छाप लाऊ' गरी ६ वटा कविता भुजङ्गप्रयात छन्दमा लेखिएका छन् । कवितामा भावानुकूल शब्द चयन गरिएको छ, जस्तै :

खसोखास फर्कें जली वेदनाले
चल्यो बाडुली देशको सम्झनाले
बिराएर बाटो फसेको थिएँ म
विदेशी हिलोमा खसेको थिएँ म । (यहीँ मर्न आएँ, पृ.४९)

यहाँ शास्त्रीय नियमानुसार नै गणमात्रा मिलाएर राखिएको पाइन्छ । यस छन्दमा रचिएका अन्य श्लोकहरूमा पनि यसरी नै नियमको पालना गरिएको छ ।

**शिखरिणी**

प्रत्येक पाउमा यगण, मगण, नगण, सगण, भगण र अन्त्यमा एकएकवटा लघु र गुरु हुने सत्र अक्षरी छन्दलाई शिखरिणी छन्द भनिन्छ (श्रेष्ठ, २०५४, पृ.५३) । यसको यतिविधानअनुसार चारै पाउका छैटौँ अक्षरपछि विश्राम हुन्छ । प्रस्तुत *कमिलाको प्वाँख* मा 'वर्तमानका साँढे' ,स्वप्नभङ्ग', 'भावमा भानुभक्त', 'चमक चम चम्कन्छ खुकुरी' र 'उडुस र उपियाँ' गरी ५वटा कविता यस छन्दमा रचिएका छन् । अन्य छन्दका कविताजस्तै शिखरिणी छन्दका कविता पनि गण, वर्ण, भाषा आदि दृष्टिले शास्त्रसम्मत देखिन्छन्,जस्तै :

दुई थोपा रातो भरखर सुकेको रगतमा
मजाले नाच्तै छन् कलुषमन किर्ना फगतमा
यहाँ पानीभन्दा तरल अति सस्तो रगत भो
जता हेऱ्यो मैलो विकृत डरलाग्दो घर भयो । (स्वप्नभङ्ग, पृ.१००)

उद्धृत श्लोकमा गण, शब्दचयन, गति, यति, अनुप्रासमयता आदि कुरा मिलेको पाइन्छ । यसरी नै प्रस्तुत छन्दमा रचिएका अन्य कवितामा पनि शास्त्रीय नियम पालना गरिएको पाइन्छ ।

**इन्द्रवज्रा**

चारै पाउमा तगण, तगण, जगण र अन्त्यमा दुईवटा गुरु हुने र एघार अक्षरले बनेको छन्द इन्द्रवज्रा हो (थापा, २०५०, पृ.२९४) । यसमा पाँचौं अक्षरपछि विश्राम हुन्छ । यस सङ्ग्रहमा इन्द्रवज्रा छन्दमा रचिएका 'नयाँ बाटो' र 'लय ताल फेर्न' गरी दुईवटा कविता राखिएका छन् । शब्दचयन तथा गणका दृष्टिले इन्द्रवज्रा छन्दमा लेखिएका कविताहरू श्रुतिमधुर हुनाका साथै भावका दृष्टिले पनि उत्तिकै गहन छन्, जस्तै :

होला निकै सुन्दर स्वाद भन्थ्यौं
उन्मुक्तिको स्वप्निल ताल बुन्थ्यौं
देखेर यो ताण्डव लर्बराएँ
भाँडा पिटेँ स्वाद पुग्यो अघाएँ । (नयाँ बाटो, पृ.११)

यसरी लेखकद्वारा इन्द्रवज्रा छन्दलाई उपयुक्त किसिमले प्रयोग गरिएको देखिन्छ । यस छन्दका अन्य श्लोकमा 'जोस'लाई 'जोश' लेखिएको जस्ता केही भाषिक त्रुटि पाइन्छन् ।

**उपजाति**

उपजाति इन्द्रवज्रा र उपेन्द्रवज्राका योगबाट निर्माण हुने छन्द हो (श्रेष्ठ, २०५४, पृ.५५) । यसकारण उपजाति छन्दमा एकातर्फ इन्द्रवज्राका तगण, तगण, जगण र दुईवटा गुरुको प्रयोग हुन्छ भने अर्कातर्फ उपेन्द्रवज्राका जगण, तगण, जगण र पाउका अन्त्यमा दुईवटा गुरुको गणव्यवस्था रहन्छ । अन्य छन्दमा जस्तो यसमा श्लोकका चारवटै पाउमा गणको उही क्रम पाइँदैन । एघार अक्षर हुने यस छन्दमा पाउका पाँचौं अक्षरपछि विश्राम हुन्छ ।

बहुप्रचलित उपजाति छन्दमा इन्द्रवज्रा र उपेन्द्रवज्रा मिलेको हुन्छ भने बहुप्रचलित नभए पनि दुईवटा फरक फरक छन्दका योगबाट बन्ने छन्द उपजाति हुन्छ । यस पुस्तकमा एकातर्फ इन्द्रवज्रा र उपेन्द्रवज्राद्वारा निर्मित उपजाति छन्द प्रयोग गरिएको छ भने अर्कातर्फ इन्द्रवंशा र वंशस्थ मिलेर बनेको उपजाति छन्द प्रयोग गरिएको छ । प्रस्तुत सङ्ग्रहमा 'रन्दा लगाएर' र 'विचार' गरी जम्मा दुईवटा कविता इन्द्रवज्रा र उपेन्द्रवज्राका योगबाट निर्मित उपजाति छन्दमा रचिएका छन् भने 'बाटो बिराएर' शीर्षकको कविता इन्द्रवंशा र वंशस्थ छन्दका योगबाट निर्मित उपजाति छन्दमा रचिएको छ । यस कविताका एक श्लोकमा इन्द्रवज्रा र उपेन्द्रवज्राका योगबाट बनेको उपजाति छन्दसमेत प्रयोग भएको पाइन्छ, जस्तै :

विचारमा विश्व मुसुक्क हाँस्छ
धोएर मैलो मनको पखाल्छ
विचारले विश्व सधैं सपार्छ
विचारले नै दुनियाँ बिगार्छ । (विचार, पृ.९९)

उद्धृत पद्यका पहिला, तेस्रा र चौथा हरफमा उपेन्द्रवज्रा अनि दोस्रामा इन्द्रवज्रा छन्द प्रयोग भएका कारण श्लोक उपजाति छन्दमा रचिएको देखिन्छ । यसरी 'विचार' शीर्षकको कवितालाई समग्रमा हेर्दा उपजाति छन्द प्रयोग भएको देखिए पनि कतिपय श्लोकमा इन्द्रवज्रा र उपेन्द्रवज्रा दुवै छन्द प्रयोग भएको पाइँदैन । उपर्युल्लिखित कवितामा एक श्लोक उपेन्द्रवज्रा छन्दमात्र प्रयोग भएको छ, जस्तै :

विचार हो जीवनको कहानी
विचार नै हुन्छ सदा जवानी
विचार आफै जति ओज हुन्छ
विचार नै राष्ट्रिय बोझ बन्छ । (विचार, पृ.९९)

यस श्लोकका सबै हरफमा उपेन्द्रवज्रा छन्द मात्र प्रयोग भएका कारण यसमा उपजाति छन्द देखिँदैन ।

इन्द्रवंशा र वंशस्थ मिलेर बनेको उपजातिको नमुना यसप्रकार रहेको छ :

बाटो बिराएर हिँड्यौ हिँडी रह्यौ
आपस्तमा क्यार्न भिड्यौ भिडी रह्यौ

कहाँछ खै स्वच्छ पवित्र चिन्तन
चुनावकै सम्मुखमा मिल्यौ किन ? (बाटो बिराएर, पृ.१३४)

यस श्लोकका अघिल्ला दुई हरफमा इन्द्रवंशा छन्द (तगण, तगण, जगण र रगण) प्रयोग गरिएको छ र सोही श्लोकका अन्य दुई हरफमा वंशस्थ छन्द (जगण, तगण, जगण र रगण) प्रयोग गरिएको हुँदा उपजाति छन्द प्रयुक्त छ ।

**स्रग्विणी**

बाह्र अक्षरको एक पाउ हुने र प्रत्येक पाउमा चारवटा रगण आउने छन्दलाई स्रग्विणी छन्द भनिन्छ, अनि यसका प्रत्येक पाउका तेस्रो र छैठौँ अक्षरमा विश्राम हुन्छ (पण्डित, २०३५, पृ.४९) । प्रस्तुत सङ्ग्रहमा 'स्यालको शासन' र 'चित्त नै पित्तभैँ' गरी दुईवटा कविता यस छन्दमा रचिएका छन् । उदाहरणका लागि एक श्लोक, जस्तै :

स्यालको काम नै चोर्नु हो चोर्दछन्
स्वार्थमा मित्रता जोड्दछन् फोर्दछन्
न्याय अन्याय के चिम्लिँदै लोचन
राग भट्याउँछन् होस बेहोसमा । (स्यालको शासन, पृ.२८)

प्रस्तुत श्लोकसम्बद्ध कविताशीर्षकमा छन्दनियम पालना गरिएको छ । यहाँ सबै शब्द तीन तीन अक्षरका नभएका कारण पहिलो विश्रामका लागि पछिल्ला शब्दबाट अक्षर तान्नुपर्ने देखिन्छ । गति र यतिका क्रममा पछाडिका शब्दबाट अक्षर तानेर विश्राम गर्ने चलन रहेकाले यहाँ छन्दोभङ्गको अवस्था देखिँदैन ।

**इन्द्रवंशा**

बाह्र अक्षरको एक पाउ हुने र प्रत्येक पाउमा तगण, तगण जगण र रगण आउने छन्दलाई इन्द्रवंशा छन्द भनिन्छ । यसमा प्रत्येक हरफका बिचमा पाँचौँ अक्षरपछि विश्राम हुन्छ (ढुङ्गाना, २०५०, पृ.६६) । प्रस्तुत सङ्ग्रहमा यस छन्दमा रचिएको 'समलिङ्गी' शीर्षकको एउटा मात्र कविता सङ्गृहीत छ, जस्तै :

चोरी डकैती छलछामका कुरा
हत्या बलात्कार अनेक तस्कर
गर्ने हुँदैनन् किन आज दण्डित
छौँ लिङ्गका कारणले प्रताडित । (समलिङ्गी, पृ.२३)

यस श्लोकका प्रत्येक पाउमा शास्त्रीय नियमअनुसार नै गणको प्रयोग भएको छ र वाचनका क्रममा यतिविधानमा असहज हुने अवस्था देखिँदैन ।

**तोटक**

बाह्र अक्षरको एक पाउ हुने र प्रत्येक पाउमा चारवटा सगण आउने छन्दलाई तोटक भनिन्छ । यसमा हरफका तीन तीन अक्षरमा विश्राम हुन्छ (बराल, २०५५, पृ.२९१) । प्रस्तुत सङ्ग्रहमा यस छन्दमा रचिएको 'उपहास भयो' शीर्षकको एउटा मात्र कविता रहेको छ । उदाहरणका लागि एउटा श्लोक जस्तै :

अनुशासनको पनि बार कता
परको हितको कटु धार यता
अब नग्न भई बरु दक्षिणको
बन सेवक दानव त्यै खलको । (उपहास भयो, पृ.७०)

यसरी प्रस्तुत श्लोकमा गणलाई विचलन नगरी प्रयोग गरिएको छ साथै कविता वाचन गर्दा यति र गतिमा असहज हुने अक्षर तथा शब्द चयन गरिएको छैन ।

**मन्दाक्रान्ता**

सत्र अक्षरको एक पाउ हुने र चारै पाउमा क्रमशः मगण, भगण, नगण, तगण, तगण र अन्त्यमा दुईवटा गुरु हुने छन्दलाई मन्दाक्रान्ता भनिन्छ । यसमा प्रत्येक हरफका चारौँ, दसौँ र सत्रौँ अक्षरपछि विश्राम हुन्छ (श्रेष्ठ, २०५४, पृ.५३) । हरफका अन्त्यमा चाहिँ सबै छन्दका कवितामा यति हुन्छ । *कमिलाको प्वाँख* मा मन्दाक्रान्ता छन्दमा रचित 'लेखूँ नलेखूँ' शीर्षकको एउटा मात्र कविता समावेश छ, जस्तै :

सुन्दासुन्दै सुनिनसकिने कानका दोष लेखूँ
हेर्दाहेर्दै हजम गरिने राज्यका कोष लेखूँ
आशा आशा फगत मनका स्वप्न आकार लेखूँ
फुक्दाफुक्दै ज्वलन नहुने अग्नि अङ्गार लेखूँ । (लेखूँ नलेखूँ , पृ.१२८)

राजनीतिक क्षेत्रका विकृतिलाई मुख्य विषय बनाई रचिएको यो कविता छन्दशास्त्रीय दृष्टिले विचलनरहित छ । अझ 'स' र 'श' वर्णको आवृत्तिले कवितालाई कर्णप्रिय बनाएको छ ।

**स्रग्धरा**

श्लोकका चारवटै पाउमा क्रमशः मगण, रगण, भगण, नगण, यगण, यगण र यगण हुने अनि सातौँ चौधौँ र हरफका अन्त्यमा विश्राम हुने एक्काइस अक्षरले बनेको छन्दलाई स्रग्धरा भनिन्छ (बराल, २०५५, पृ.२९५) । प्रस्तुत सङ्ग्रहमा 'धार बाङ्गो बनायो' शीर्षकको एउटा कविता सङ्गृहीत छ । सबैतिर बेथिति फैलिएका कारण वितृष्णा उत्पन्न भएको भाव व्यक्त यो कविता शास्त्रीय नियममा आधारित छ, जस्तै :

के लेख्ने लेखनी नै बगर भइसक्यो लेख्नुको अर्थ छैन
सुक्खा माटो छ पानी बिजन मल कतै भेटिँदै भेटिँदैन
बारी बाँझो र साह्रो श्रम पनि नगरूँ दृश्य अत्याशलाग्दो
आशाको जीर्ण त्यान्द्रो चटचट चुँडियो चाल पट्यारलाग्दो । (धार बाङ्गो बनायो, पृ.६३)

यस सङ्ग्रहका कविताहरूमध्ये सबभन्दा धेरै अक्षरले बनेको प्रस्तुत कविता गण, गति, शब्दचयन आदि दृष्टिले उपयुक्त रहेको छ ।

## निष्कर्ष

प्रकाश चापागाईं वर्तमान समयमा छन्दकविता रचना गर्ने अग्रपङ्क्तिका कवि हुन् । उनका कविता मुख्यतः वार्णिक छन्दमा रचिएका पाइन्छन् । चापागाईंका हालसम्म नाटक र कविताविधाका एकल लेखनमा आधारित पाँचवटा कृति प्रकाशित छन् भने संयुक्त रूपमा लेखिएका कृतिको सङ्ख्या दुई रहेको छ । तिनै कृतिहरूमध्ये *कमिलाको प्वाँख* (२०८०) एकल लेखनमा तयार पारिएको सबभन्दा पछि प्रकाशित फुटकरकविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा एघारवटा छन्दका ८१ वटा कविता सङ्गृहीत छन् । यसमा सबभन्दा धेरै शार्दूलविक्रीडित छन्दका ४९ वटा कविता छन् भने सबभन्दा थोरै इन्द्रवंशा, मन्दाक्रान्ता, तोटक र स्रग्धरा छन्दका १-१ वटा कविता रहेका छन् । अन्य छन्दका कविताहरूमध्ये अनुष्टुप्का १० वटा, भुजङ्गप्रयातका ६ वटा, शिखरिणीका ५ वटा, उपजातिका ३ वटा, इन्द्रवज्रा र स्रग्विणीका २-२ वटा रहेका छन् । यस विवरणले लेखकको बढी रुचि र सफलता शार्दूलविक्रीडित छन्दमा रहेको देखाउँछ । यी कविताहरू आचार्य पिङ्गलद्वारा बताइएका वार्णिक छन्दमा आधारित छन् । छन्दमा कविता रचना गर्दा अक्षर, पाउ, श्लोक, गति, यति, गण, भाषिक शुद्धता आदि कुराको आवश्यकता पर्दछ । प्रस्तुत कविताहरूमा छन्दोबद्ध कविताका लागि आवश्यक पर्ने तत्त्वहरूको अधिकांश रूपमा पालना गरिएको छ । अनुष्टुप् छन्दमा आठ अक्षरको एक पाउ र चार पाउको एक श्लोक हुने शास्त्रीय नियम भए तापनि दुई पाउको एक हरफ हुने गरी चार पाउलाई दुईवटा हरफमा राखेर एक श्लोक बनाउने चलन छ र यहाँ पनि यसै प्रचलनलाई पछ्याइएको छ । अपवादलाई छोडेर भाषिक शुद्धता, छन्द, गण, गति, यति आदि कुरामा ध्यान पुऱ्याइएको पाइन्छ । नेपाली जनजिब्रामा चलेका शार्दूलविक्रीडित, अनुष्टुप्, भुजङ्गप्रयात र शिखरिणी छन्दलाई प्राथमिकता दिई रचिएका यस सङ्ग्रहका कविताहरू विषयभावका दृष्टिले समसामयिक हुनाका साथै भाषा र छन्दप्रयोगका दृष्टिले उपयुक्त र रोचक रहेका छन् ।

## सन्दर्भसामग्रीसूची

चापागाईं,, प्रकाश (२०८०), *कमिलाको प्वाँख,* पेज टर्नर ।
ढुङ्गाना, गोविन्दप्रसाद (२०५०), *छन्दोहार* (पाँचौं संस्क.), साझा प्रकाशन ।
ढुङ्गाना, नीलमणि (२०७८), *व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश,* साझा प्रकाशन ।
त्रिपाठी, वासुदेव (२०६६) *तीन थुँगा,* (दोस्रो संस्क.), साझा प्रकाशन ।
थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* (चौथो संस्क.), साझा प्रकाशन ।
पण्डित, गङ्गादास (२०३५), छन्दोमञ्जरी, व्याख्याकार, ब्रह्मानन्द त्रिपाठी, चौखम्बा सुरभारती प्रकाशन ।

पौड्याल, लेखनाथ (२०६६) *ऋतुविचार,* (चौबिसौँ संस्क.), साझा प्रकाशन ।
बराल, ईश्वर (२०५५), *नेपाली साहित्यकोश,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* विद्यार्थी पुस्तक भण्डार ।
रिजाल, दामोदर (सन् २०२३), परमानन्द महाकाव्यमा छन्दविधान, *बीएमसी जर्नल,* (६), वीरेन्द्र बहुमुखी १७२-१७९ ।
वर्मा, धीरेन्द्र (सम्पा.), (सन् २०१०), *हिन्दी साहित्य कोश* (पुनर्मुद्रण), ज्ञानमण्डल लिमिटेड ।
शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
श्रेष्ठ, ईश्वरकुमार (२०५४), *पूर्वीय एवं पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,* (दोस्रो संस्क.), साझा प्रकाशन ।

**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

Eknarayan Paudyal is an associate professor of Nepali with a PhD in Nepali Literature. He is currently working at Birendra Multiple Campus, Tribhuvan University. He has published dozens of articles on Nepali literature.